# प्रकृति र संस्कृतिमा धनी ताङतिङ गाउँ

पोखरा काहुँखोला बजारबाट बस वा जिपमा करिब २ घण्टामा पुगिने ताङतिङ गाउँको अर्थनै रमाइलो गाउँ हुन्छ । कास्की जिल्लाको गुरुङ समुदायको बाहुल्यता रहेको यो गाउँ प्राकृतिक र सांस्कृतिक हिसाबले धनी छ । यहि गाउँ हुदै हिँउ खेल्न, गुराँस हेर्न र हिमालसंग नजिक हुन ऋबुडाँडा र चोरोडाँडा हुँदै घुम्न सकिन्छ । जैविक विविधता र सास्कृतिक सम्पदाहरुको अवलोकन गर्दै ४ दिनमा सम्पन्न गर्न सकिने यो गन्तव्य नौलो मात्र छैन, स्मरणिय समेत छ । गाँउमा होमस्टे र होटलहरुमा गुरुङ आतित्थ्यमा रमाउन सकिन्छ भने वनतिर धर्मशाला तथा अस्थाइ होटलहरुमा बस्ने व्यवस्था गरिएको छ

# एउटा नौलो जैविक पर्यटन मार्ग

**ताङतिङ - ऋबु - चोरो**

## महत्वपूर्ण सम्पर्क नम्बरहरू

१. ताङतिङ होमस्टे व्यवस्थापन समिती अध्यक्ष, पस माया गुरुङ्ग ९८४६२९३०३३
२. ताङतिङ होटल व्यवस्थापन समिती अध्यक्ष, शेरकाजी गुरुङ्ग ९८१५१७३००८
३. ताङतिङ पर्यटन परिषद् अध्यक्ष, भुपाल गुरुङ्ग ९८५६०३२०६८
४. संरक्षण क्षेत्र व्यवस्थापन समिती अध्यक्ष, गुमान ध्वज गुरुङ्ग ९८४६५३१८५०
५. ग्रामिण पर्यटन प्रर्बद्धन मञ्च (गण्डकी प्रदेश) सदस्य, ओम प्रकाश गुरुङ्ग ९८५६०२८८२७

तस्विर : राजु आचार्य, विकाश घिमिरे

Manfred-Hermsen-Stiftung for Nature and Environment
Friends of Nature FON 2005 www.fonnepal.org
Madi Rural Municipality
eoca european outdoor conservation association







## ताङतिङ - नौचु

(एक घण्टा पैदल वा गाडिमा १५ मिनेट)

उचाइ : २०४७ मीटर

बस्ने व्यवस्था : धर्मशाला

अवलोकन गर्ने : अन्नपूर्ण तथा माछापुच्छ्रे हिम श्रृंखला, ऐतिहासिक क्षेत्र, धार्मीक वन, शिकारी चराहरु, रतुवा, ध्वाँसे चितुवा, चितुवा, थार, आदि

## नौचु - क्रबुडाँडा

(४ घण्टा पैदल वा गाडिमा एक घण्टा)

उचाइ : ३०८५ मीटर

बस्ने व्यवस्था : धर्मशाला, अस्थाइ होटलहरु

अवलोकन गर्ने : अन्नपूर्ण, धौलागिरी, मनास्लु र बौध हिमश्रृखला, गुँरासको वन, सुर्योदय र सुर्यास्त, ऐतिहासिक क्षेत्र, पोखरा उपत्यका, लमजुङ तथा कास्की जिल्लाका विभिन्न गाउँहरु, शिकारी चराहरु, हिँउ खेल्ने, ध्वाँसे चितुवा, चितुवा, थार, वन कुकुर, डाँफे, मुनाल, आदि



## क्रबुडाँडा - चोरोडाँडा

(५ घण्टा पैदल)

उचाइ : ३३०० मीटर

बस्ने व्यवस्था : धर्मशाला

अवलोकन गर्ने : अन्नपूर्ण, धौलागिरी, मनास्लु श्रृखला, गुरुङहरुको उद्‌गाम स्थल कोलास्वाँथर, लमजुङका गाँउहरु, गुँरासको वन, हिँउ खेल्ने, ध्वाँसे चितुवा, कस्तुरी, थार, वन कुकुर, हिमाली कालो भालु, डाँफे, मुनाल, आदि

## चोरोडाँडा - ताङतिङ

(५ घण्टा पैदल)

बस्ने व्यवस्था : घरबास र होटेलहरु

उचाइ : १६६० मीटर

अवलोकन गर्ने : अन्नपूर्ण चौथो, अन्नपूर्ण दोस्रो र लमजुङ हिमाल, मह शिकार, गुम्बा, ताङतिङ भ्यु पोइन्ट, ताङतिङ झरना, सेल्फी डाँडा, गाउँ भ्रमण, कोईवाधिं, आदि

सँस्कृती : घाटु, सोरठी

जात्राहरु : ल्होछार (पुसे १५), बुद्ध पूर्णिमा, साउने संक्रान्ति, माघे संक्रान्ति, चैतेदसैं मेला





## सम्पर्क नम्बरहरू

१. घरबास व्यवस्थापन समिति, अध्यक्ष, टाईमाया गुरुङ, ९८२७१२०३७२
२. होटल व्यवस्थापन समिति, अध्यक्ष, सुरेन्द्रजंग (पारस) गुरुङ, ९८४६२९३२७२
३. संरक्षण क्षेत्र व्यवस्थापन समिति, अध्यक्ष, मन ब. गुरुङ, ९८१६६६०५७१




तस्विर : राजु आचार्य, विकाश घिमिरे, सुमन सापकोटा, फेड्रिक टेप

Manfred-Hermsen-Stiftung for Nature and Environment
Friends of Nature FoN 2005 www.fonnepal.org
Madi Rural Municipality
eoca european outdoor conservation association

# जानु भयो त सबै भन्दा नजिकको हिमताल !

## सिक्लेस-हुगु-क्हफुचे





सिक्लेसबाट १ दिनको दुरीमा नेपालकै सबैभन्दा कम उचाईमा रहेको हिमताल पुग्न सकिन्छ । हो, यसलाइ मानिसहरु 'व्हफुचे' तालको नामले चिन्छन् । कास्की जिल्लाको पोखराको काहुंखोलाबाट बस या जीप चढेर विजयपुर खोला, छाचोक, ताप्राङ्ग, चिप्ली, खिलाङ, पार्चे हुँदै सिक्लेस पुगी त्यहा एक रात बिताएर, भोलि पल्ट करिव ५ देखि ६ घण्टाको पैदलयात्रा गरि हुगु पुग्न सकिन्छ । बिहानै पोखराबाट सिक्लेस जानेहरु हुगु भन्ने स्थानमा गएर बस्न सक्छन । हुगुबाट करिव २ देखि ३ घण्टाको समयमा कफुचे ताल पुग्न सकिन्छ ।

अन्नपुर्ण र लमजुङ हिमालको हिमनदी पग्लिएर (फुटेर वा पहिरो गएर) समथर ठाउँमा पानी जम्मा भइ ताल बनेको भएर गुरुङ भाषा अनुसार यस तालको नाम व्हफुचे रहेको मानिन्छ । यो ठाउँ छोटो दुरीको पैदल यात्रा गर्न चाहनेका लागि एक चर्चित पर्यटकीय गन्तव्य हो । समय–समयमा हिम पहिरो खस्दा हिउँको बादलले व्हफुचे ताल ढाकेको दृश्य मनमोहक र अनुभव गर्नैपर्ने खालको हुन्छ । यो ताल मादी नदिको मुहान पनि हो ।







## सिक्लेस

- काहुँखोला पोखरा देखि ३७ किलो मिटरको दुरीमा रहेको, समुन्द्र सतहबाट करिव १९५० मिटरमा अवस्थित गुरुङ गाउँ ।
- ठुलो गुरुङ गाउँ र गुरुङ संस्कृति ।
- घुम्ने ठाउँहरुः सिक्लेस पार्क, रिसिंग डाँडा, गाउँ भ्रमण, कोइबोधि, संग्रहालय, पार्चेगाउँ ।
- घरबास (Homestay) तथा होटलहरुमा बस्ने खाने सुविधा ।

## हुगु

- समुन्द्र सतहबाट करिव २१०० मिटर मा अवस्थित, भेडाबाख्रा पालन तथा आलु खेति को लागि प्रसिद्ध ठाउँ ।
- बास बस्नको लागि अस्थाई होटलहरु तथा गोठहरुको प्रबन्ध छ ।
- कफुचे (२४५० मिटर) तथा कोरी (३८०० मिटर) क्षेत्रहरुको आधार शिविर (Basecamp) ।

## व्हफुचे

- नेपालकै सबैभन्दा कम उचाईमा अवस्थित हिमताल (२४५० मिटर) ।
- लमजुंग र अन्नपुर्ण हिमालको काखमा अवस्थित ।
- जैविक विविधतामा धनि (ध्वाँसे चितुवा, चितुवा, हिमाली कालो भालु, बन कुकुर, झारल, घोरल, डाँफे, मुनाल आदिको अवलोकन गर्न सकिने)